# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**गोलबजार, सिरहा**
मधेश प्रदेश, नेपाल

**पोखरी ठेक्का १८/२०७८।०७९ सम्बन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मिति २०७९/०५/२१)

यस नगरपालिका क्षेत्राधिकार भित्र रहेका देहाय बमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जे जो अवस्थामा छन् सोही अवस्थामा नै आ.व. २०७९/०८० देखी २०८१/८२ सम्मका लागि माछा तथा मखान उत्पादन गर्ने प्रयोजनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी दरभाउपत्र दिन सम्वन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयभित्र रु १०।-को टिकट टाँसी यस कार्यालयको राजस्व शाखाबाट रु १,०००।- को (अक्षरेपी एक हजार पछि फिर्ता नहुने गरी ) रसिद काटी फारम यस कार्यालयको प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको आवेदन फर्म आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसँग उल्लेख गरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ बजेसम्म यस कार्यालयको प्रशासन शाखामा शिलबन्दी दरभाउपत्र पेश गर्नेको नाम र ठेगाना तथा आफूले ठेक्का लिन चाहेको पोखरीको विवरण खाममा नै उल्लेख गरी दर्ता गराई सक्नुपर्नेछ र दर्ता गराँउदा शिलबन्दी निवेदनसँग यस कार्यालयको ग्लोबल आई. एम. ई. बैंक.गोलबजारमा सञ्चालनमा रहेको धरौटी हिसाब नं. ५५०४०१००००१६( कार्यालयको कोड नं.८०१०२१६०३) मा आफुले कबोल गरेको रकमको नेपाली भए ५ प्रतिशत र विदेशी भए १० प्रतिशतले हुने रकम जम्मा गरेको सक्कलै भौचर अनिवार्य पेश गर्नुपर्नेछ।

३. दर्ता भएका सिलबन्दी कोटेशनहरु सि.न. २ मा उल्लेखित भएको दिन दिनको २ बजे सम्वन्धित कार्यालय तथा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ तर प्रतिनिधि उपस्थिति नभए पनि खोल्न बाधा पर्ने छैन।

४. दरभाउपत्र, खरिद गर्ने, दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदा पछि कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ।

५. नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी वुझाउन बाँकी रहेका व्यक्तिले ठेक्का लिन पाउने छैन। कुनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का बदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

६. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयले सुचना पार्टीमा टाँस गरी जानकारी गराइनेछ साथै सूचना सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

७. ठेक्का स्वीकृत भए पश्चात रकम बुझाउदा सम्बन्धित व्यक्तिले ३ किस्तामा वा एकमुष्ठ रकम बुझाउन सकिनेछ। रकम एकमुष्ठ बुझाउँदा १० प्रतिशत छुट दिइनेछ तर किस्तामा बुझाउदाँ छुट दिइनेछैन किस्ता रकम बुझाउदा प्रथम किस्ता आ.व. २०७९ साल असोज मसान्त भित्रै र बाँकी दोस्रो र तेस्रो किस्ताको लागि यस कार्यालयको नाममा २०८१ साल श्रावण महिनाको मसान्त सम्मको बैंक ग्यारेण्टी (पर्फमेन्स वउण्ड) वा जमानत धितो राखी आ.व. २०७९/८० र २०८१/०८२ को प्रथम चौमासिक भित्रै बुझाउनुपर्ने छ। उक्त समय भित्र नबुझाए जमानतबाट असुल उपर गरिनेछ।

८. सि.न. ८ बमोजिम एकमुष्ठ रकम बुझाउँदा तीनै आ.व.को तथा किस्ताबन्दीमा बुझाउँदा प्रत्येक आ.व.को हिसाबमा रकम बुझाएको सोही दिन वा सोको भोलीपल्ट चलनपुर्जी लिई सक्नुपर्नेछ।

९. रित नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१०. पोखरीको संरचना आफूखुसी बिगारेमा वा पोखरीमा विषादी प्रयोग गरेको पाईएमा सोको क्षतीपूर्ती ठेक्का लिने व्यक्तिबाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ ।

११. अन्य जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राखी बुझन सकिनेछ ।

१२. उपरोक्त लेखिए बाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. रकम कबोल गर्दा तल उल्लेखित न्युनतम ठेक्का रकम भन्दा कम कबोल गर्न पाइने छैन । सवैभन्दा बढी रकम कबोल गर्नेको र रीत पुगेको शिलबन्दी दरभाउपत्र स्वीकृत हुनेछ ।

नगरपालिका क्षेत्राधिकार भित्र रहेको पोखरीहरुको विवरण आ.व.०७९। ०८० देखि २०८१। ०८२ सम्म ठेक्का लाग्ने पोखरीहरु

| सि.न. | पोखरीहरुको नाम | पोखरीहरुको स्थान | ३ आ.व. ०७९। ०८० देखि ०८१। ०८२ को लागि न्यूनतम ठेक्का रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बेतैना ३ ख बेतौना -३ गा.वि.स भवन | गो.न.पा.-१२ | रु १,५०,१००।- | |
| २ | भर्तिवाला पोखरी | गो.न.पा.-१ | रु १९,०००।- | |
| ३ | डाबर खाता | गो.न.पा.-१ | रु ५,५००।- | |
| ४ | डन्डा पोखरी | गो.न.पा.-९ | रु ४,९४,२००।- | |
| ५ | आ.बलकवा ढाङ्गर टोल | गो.न.पा.-११ | रु ५१,०००।- | |
| ६ | बेतैना ४ क बैतैना २ गाउँब्लोक | गो.न.पा.-१२ | रु ७५,०००।- | |
| ७ | बेतैना ४ क बेतौना २ हरिदेववाला | गो.न.पा.-१२ | रु १,५१,०००।- | |
| ८ | बेतौना ३ ग बेतौना ३ दुर्गा मन्दिर | गो.न.पा.-१२ | रु ३,००,०००।- | |
| ९ | बेतौना ४ ग बेतौना ५ मिनहै | गो.न.पा.-१२ | रु ४५,०००।- | |
| १० | बेतौना ८ रामजानकी मन्दिर | गो.न.पा.-१२ | रु ३,३३,०००।- | |
| ११ | बेतौना -९क वेतौना ९ हरिदेव महतो | गो.न.पा.-१२ | रु १,५१,०००।- | |
| १२ | बेतैना ४ क बेतौना-२ मोहन साह वाला | गो.न.पा.-१२ | रु ७५,५००।- | |
| १३ | बेतैना ४ क बेतौना-५ अर्जिलाल वाला | गो.न.पा.-१२ | रु २,६०,५००।- | |
| १४ | जम्दह ४ क रामकुमार वाला पोखरी | गो.न.पा.-३ | रु ८०,०००।- | |
| १५ | अन्धा पोखरी वडा कार्यालय नजिक | गो.न.पा.-१ | रु १०,५००।- | |
| १६ | सिता पोखरी | गो.न.पा-१ | रु १,२००।- | |
| १७ | महाजनी पोखरी आधारभूत विद्यालय नजिक | गो.न.पा.-१ | रु ३०,०००।- | |
| १८ | चन्द्रलालपुर-७ खाता कुर्मीटोल | गो.न.पा.-७ | रु २,०००।- | |
| १९ | भट्ट पोखरी | गो.न.पा.-४ | रु ७१,५००।- | |
| २० | भरत कुण्ड (मैनावती पुर्व) | गो.न.पा.-८ | रु ३०,५००।- | |
| २१ | इन्द्रेणी दह पोखरी | गो.न.पा.-९ | रु १५१०००।- | |

गोलबजार नगरपालिका
प्रमुख प्रशासकीय अधिकृत
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा ।